प्रदेश सरकार
भौतिक पूर्वाधार विकास मन्त्रालय
कर्णाली प्रदेश
वीरेन्द्रनगर, सुर्खेत, नेपाल

फोन नं.: ०८३-५२४०६३
०८३-५२११३९
फ्याक्स : ०८३-५२११३९
इमेल: mopidskt@gmail.com

पत्र संख्या : प.सं.: ०७५/०७६
चलानी नम्बर : च.नं.:

मिति: २०७६/०३/२५

# सूचना सूचना सूचना

उपरोक्त सम्बन्धमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कर्णाली प्रदेश, सुर्खेतबाट यस मन्त्रालयमा वा अन्तरगतका विभिन्न कार्यालयहरुको लागि **नेपाल ईन्जिनियरिङ/सिभिल/जनरल सेवा/समुह/उप-समुह, राजपत्रांकित तृतिय श्रेणी, इन्जिनियर(अधिकृतस्तर सातौं/आठौं)** पदमा पदस्थापना भई आउनु भएका कर्मचारीहरुलाई यस मन्त्रालय वा अन्तरगतका कार्यालयहरुमा पदस्थापन गर्ने प्रयोजनका लागि जेष्ठता एकिन गर्नुपर्ने भएकाले मिति २०७६/०३/२५ गतेको मितिले ५(पाँच) दिन भित्र आईपुग्ने गरी आवश्यक प्रमाण राखी (P.I.S) सहित यस मन्त्रालयबाट उपलब्ध गराइएको व्यक्तिगत विवरण फारम स्वयम् कर्मचारी उपस्थित भई वा यस मन्त्रालयको ईमेल ठेगानामा mopidskt@gmail.com वा फ्याक्स नम्बर ०८३-५२११३९ मा निवेदन गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ।

समायोजन भई खटिई आएका कर्मचारीहरुलाई सकभर माग बमोजिको कार्यालयमा पदस्थापना गरिने हुँदा आफ्नो स्थायी ठेगाना, सम्पर्क नम्बर, आफू पदस्थापना हुन चाहेको कार्यालय समेत प्राथमिकता अनुसार खुलाई निवेदन गर्नु हुन समेत सम्बन्धित सबैलाई जानकारी गराईन्छ। अशक्त बिरामी र महिला कर्मचारी भएमा गर्भवती, सुत्केरी, १ वर्षभित्रको बच्चा भएको हकमा सोको पुष्टयाई हुने प्रमाण राखी निवेदन दिनुहुन अनुरोध छ। उल्लिखित समयभित्र कुनै माग निवेदन विवरण पेश नभएमा यस मन्त्रलयलाई प्राप्त भएको अभिलेख अनुसार प्रदेश सेवाका कर्मचारी व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७५ र यस मन्त्रालयको मापदण्ड अनुसार पदस्थापना हुने व्यहोरा सम्बन्धित सबैमा निर्देशानुसार जानकारी गराईन्छ।

३/२५

लोक प्रसाद पौड्याल
अधिकृत आठौं

अधिकृत स्तर (आठौं तह)